संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
वार्षिक, अर्द्धवार्षिक वा त्रैमासिकमा ७५ प्रतिशतसम्म छुट छ ।
सम्पर्कः ९८५२८३५८८८

■ बर्ष-१६, ▶▶ अंक २९२ ▶▶ बैशाख २९ गते बुधबार,२०७८, May-12 Wednsday, 2021, यलेदुङ किरात सम्वत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ-४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com










**पाँच दिनमा पन्जा पाइयो** । त्रियुगा नगरपालिका उदयपुरले नगरपालिकामा कार्यरत १२ जना सरसफाईकर्मीलाई २६ बैशाख सोमबार सरसफाई सामाग्री दिएको छ । बैशाख १९ गते आइतबार मुलुकी दैनिकले सरसफाईकर्मीलाई पन्जा, मास्क, जुत्ता बिना फोहोर गठाउँदै गरेको भेटेको थियो । *तस्बिर-बुद्धि चामलिङ ।*

# उदयपुरमा कोविड संक्रमण बढ्दो

## थप ३ को मृत्यु, संक्रमित संख्या २ सय ४७ पुग्यो

❖ रेनुका राई

*उदयपुर, वैशाख २८*

पछिल्लो समय एकपछि अर्को गर्दै बढ्दै गएको कोविड संक्रमणको दोस्रो लहरले उदयपुरमा एक सरकारी कार्यालय प्रमुखसहित ३ जनाको ज्यान लिएको छ । मंगलबार सदरमुकाम गाईघाटस्थित एक सरकारी कार्यालय प्रमुख ३४ वर्षीय पुरुषसहित कोविडका कारण ३ जनाको मृत्यु भएको हो ।

सातादिनअघि संक्रमण देखिएर उपचाररत कार्यालय प्रमुख अधिकृतको उपचारको क्रममा सोमबार काठमाडौं महाराजगञ्जस्थित टिचिङ अस्पतालमा मृत्यु भएको हो । उनीसँगै १ महिला र १ पुरुषको मंगलबार विहान बिराटनगर ज्यान गएको जिल्ला कोविड शंकट व्यवस्थापन कार्यालय (डिसिसिएमसी) ले जनाएको छ ।

डिसिसिएमसीका अनुसार संक्रमण देखिएपछि सिराहा स्थायी घर भई सदरमुकाम गाईघाटका कार्यालय प्रमुखको टिचिङ अस्पतालमा उपचार भईरहेको थियो । कोविड कहर सुरु भएदेखि नै घर बिदामा रहेका उनी संक्रमित भएपछि उपचारका लागि काठमाडौं रहेकोमा त्यही मृत्यु भएको हो ।

त्यसैगरी त्रियुगा नगरपालिका ८ का ५४ वर्षीय एक पुरुष र त्रियुगा ५ की ५० वर्षीया एक - ***बाँकी २ पेजमा***

## सांसद राई कोरोनामुक्त

❖ मुलुकी संवाद्दाता

*उदयपुर, वैशाख २८*

*उदयपुर निर्वाचन क्षेत्र नं. २ का सांसद सुरेशकुमार राई (हिमाल) कोरोनामुक्त भएका छन । गएको १७ गतेदेखि राजधानीको सुमेरु अस्पतालमा उपचाररत सांसद राई कोविडमुक्त भएर मंगलबार डिस्चार्ज भएको उनको सचिवालयले जनाएको छ ।*

*नेकपा (माओबादी केन्द्र)का प्रदेश १ सचिवसमेत रहेका राई बाबु इन्द्रध्जव राईको निधनपछि दाहसंस्कारका लागि बेलका नगरपालिका ४ उदयपुरस्थित स्थायी घर आएका थिए । बाबुको अन्तिम कार्य सम्पन्न गरेर राजधानी फर्केको भोलिपल्टै उनी बिरामी भएर अस्पताल भर्ना हुँदा कोविड संक्रमण पुष्टि भएपछि उपचाररत थिए ।*



*१० दिन लामो सघनकक्षमा उपचारपछि उनी निको भएर भर्खरै घर फर्केको राईको सचिवालयले जनाएको छ । संक्रमण भएको कुरा सामाजिक सञ्जालमार्फत जानकारी गराएका राईले कोविडलाई परास्त गरेर घर फर्केको कुरा पनि सञ्जालमार्फत नै जानकारी गराएका छन् ।*

रौता पानी
शुद्ध खानेपानी




हिमाल, पहाड, तराई, सहरदेखि गाउा - गाउासम्म हामी सबैको रोजाई रौता पानी ।
पबित्र रौता पोखरीको मुहान त्रियुगा नदीबाट
उत्पादित शुद्ध मिनिरल वाटर
**रौता पानी**
साधै सबैले प्रयोग गरौं ।
प्रोपाइटर - पर्शुराम चौधरी
त्रिनपा - ३ मोतिगडा, उदयपुर
सम्पर्क - ९८५२८३५०३७



## सम्पादकीय

# जिम्मेबार र सचेत बनौ ।

उदयपुरमा कोरोना भाइरसबाट संक्रमण हुने बिरामीको सङ्ख्या मंगलबार साँझसम्ममा २ सय ४७ पुगेको तथ्याङ्कले जनाएको छ । मंगलबार निधन भएको ३ जना सहित गन्ने हो भने उदयपुरका ७ जना नागरिकले कोरोनाबाट ज्यान गुमाईसकेका छन् ।

कोरोना भाइरसले नपत्याउँदो तरिकाले मानिसहरुको ज्यान लिईरहेको छ ।उमेर, ठुलो, सानो भन्दैन कोरोना भाइरसले । मंगलबार निधन भएको एक पुरुष भर्खर ३४ बर्षका थिए । केही दिन अघिसम्म स्वस्थ उनको निधनप्रति कसैले पत्याउन सक्ने आधार छैन । उदयपुरमा गत वर्ष भन्दा यो वर्ष बढि संक्रमण बढिरहेको छ । प्रशासनले विहान ६ बजेदेखि १० बजेसम्म ४ घण्टा अत्यावश्यक सामानहरु खाद्यान, तरकारी पसलहरुलाई खोल्न दिएका छन् । सकिन्छ सबै जना घरमा नै बसेर यो संक्रमणलाई हटाउन आ - आफ्नो तर्फबाट जिम्मेबार बनेर लागौँ । यो कोरोना भाइरस कहिले र कसरी हटाउन सक्ने हो त्यसको कुनै आधाार छैन । सबै सचेत भएर जिम्मेवार भई स्वास्थ्य सुरक्षा अपनाउने हो भने यो संक्रमणलाई तुरुन्त पनि भगाउन सकिन्छ । त्यसैले सम्बन्धित निकायहरु यो संक्रमणलाई उन्मुलन गर्न निषेधाज्ञा गरेर तयारी गरिरहेका छन् । बैशाख २४ गते शुक्रबार राति १२ बजे ३० गतेसम्म लगाईएको निषेधाज्ञा भोलि बिहिबार सकिदैछ । २४ बैशाखअघि पनि जिल्ला प्रशासनले एक हप्ताको लागि तिनपाङ्ग्रे र चार पाङ्ग्रे सवारीसाधनलाई रोक लगाएको थियो । त्यो तयारीले नी केहि उपाय नचलेपछि प्रशासन फेरी पुन निषेधाज्ञा गर्न बाध्य भएको थियो । भोली बिहिबारदेखि फेरी प्रशासनले पुन निषेधाज्ञा थप्ने सङकेत देखिएको छ । प्रशासनले यो दुई हप्तामा संक्रमणलाई रोक्न गरेको तयारीको पनि समिक्षा हुन जरुरी छ । दुई सातामा नै २ सय ४७ जना उदयपुरका नागरिकलाई कोरोना भाइरसको संक्रमण कसरी भयो यसको लेखाजोखा प्रशासनले गर्नु पर्छ ।

उदयपुर जिल्लाबासी बिशेषगरी बजार क्षेत्रका नागरिकहरु सचेत भएर घरबाट बाहिर ननिस्किनु हुन अनुरोध छ । साँच्चै भन्ने हो बजार तपाई किन के को लागि निस्कनुहुन्छ । आफुले आफैँलाई प्रश्न गर्नुस त । तपाइ बजार निस्किदा तपाईले बजार भिडभाडबाट भाइरसलाई लिएर घर जाँदैहुनुहुन्छ । यसको लागि सबै सचेत भएर संक्रमणलाई फैलनबाट रोक्न भुमिका निर्वाहा गरौँ । अत्ति नै जरुरी भए बजार निस्किदा भिडभाड नगरौँ । संक्रमणबाट जोगिन स्वास्थ्य पुर्वाधारको पुर्णता प्रयोग गरेर भाइरस बाट संक्रमित भई ज्यान नगुमाऔँ ।

*उदयपुरमा ............*

महिलाको मंगलबार विहान विराटनगरमा मृत्यु भएको छ । पुरुषको नोबेल अस्पतालमा र महिलाको कोविड कोसी अस्पतालमा मृत्यु भएको हो । नोबेल अस्पतालका प्रबन्धक नारायण दाहालका अनुसार ज्वरो र रुघाखोकी लागेर भर्ना भएका पुरुष वैशाख २३ गते उपचाररत रहेकोमा मंगलबार बिहान मृत्यु भएको हो ।

त्यस्तै ५० वर्षीया महिलाको कोसी कोविड अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको अस्पतालका कोविड फोकलपर्सन बैजनाथ साहले बताए । उनका अनुसार वैशाख २६ गतेदेखि उपचाररत उनको मंगलबार विहान मृत्यु भएको हो ।

जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले भने सरकारी कार्यालय प्रमुखको काठमाडौंमा मृत्यु भएको भन्ने खवर सुनिए पनि जिल्लामा अभिलेख नरहेको जनाएको छ । त्रियुगा ५ की महिलाको मृत्युबारे पनि कार्यालयमा अलिख नरहेको स्वास्थ्यले जनाएको छ । त्रियुगा ८ का ५४ वर्षीय पुरुषको मृत्यु भएको अभिलेख भने कायमभ रहेको कार्यालयले जनाएको छ । उदयपरमा यसअघि २ महिलासहित ४ जनाको मृत्यु भईसकेको छ। कटारी ४ की ८७ वर्षीया बृद्धा, त्रियुगा ६ की ३४ वर्षीया महिला र चौदण्डीगढी ५ का ५४ र ६ का ७० वर्षीय पुरुषको यसअघि नै कोविडले ज्यान लिइसकेको छ। पछिल्लो ३ जना थपिएसँगै मृतक संख्या उदयपुरमा ७ जना पुगेको स्थास्थ्यले जनाएको छ ।

हालसम्म कोविड संक्रमितको संख्या उदयपुरमा २ सय ४७ पुगेको छ । मंललबार ३ महिलासहित ९ जना नयाँ संक्रमित देखिएसँगै पछिल्ला संक्रमितको संख्या तिब्रत रहेको पाइएको छ। मंगलबारको तथ्यांक अनुसार त्रियुगाका २ महिला र ४ पुरुष, बेलकाका २ पुरुष र चौदण्डीगढीका १ महिला संक्रमित देखिएका छन् । सातादिनमा संक्रमितहरुको संख्या बढेर१ सय ६ जना महिलासहित २ सय ४७ संक्रमित पुगेका छन् ।

# उदयपुरका महिला फुटबल प्रति बेदकुमारीको चिन्ता

❖ मनिताकुमारी राई

यिनी हुन त्रियुगा नगरपालिका - १५ खाबु छामलिङ उदयपुर कि १७ बर्षिय बेदकुमारी बान्तवा राई (रेनुका) ।

हाल उनी त्रिनपा १२ पुरानोगाईघाट थरुहट रंगशाला नजिकै बुद्धचोकमा नजिकै घरमा बस्दै आईरहेकी छिन् । २०७७ असोज महिनादेखि उनले प्रश फुटबल खेल्न सुरु गरिन । उनले फुटबल खेल्न सुरु गरेको ८ महिना भइसक्यो ।

जब उनले थरुहट रङगशालामा फुट्बल खेल्न सुरु गरिन, त्यतिबेला रङगशालामा गाइघाटका ११ जना महिला फुटवल खेलाडी थिय । उनी गएपछि १२ जना महिला फुटबल खेलाडी भयो । दिन, हप्ता विस्तारै महिला खेलाडिहरुको खेल को स्तर बढ्दै गयो । केही दिनपछि महिला खेलाडिहरु १६ जनासम्म भयो । अहिले बेदकुमारिलाइ लाग्छ महिला फुटबल खेलाडिलाई सिकाउने मुख्य प्रशिक्षक निरन्तर रूपमा प्रशिक्षण दिन आउदैनन ।

आय पनि जति सिकाउनु पर्ने समय हो त्यति समयसम्म गुरुले सिकाउदैनन । पुरुष फुटबल खेलाडिको तुलनामा महिला फुटबल खेलाडी सङख्यामा कम भयकाले महिला खेलाडीहरूलाई फुटबल खेल्न चाहियको समयमा खेल मैदान उपलब्ध नहुदा पनि महिला फुटबल खेलाडिको खेलको बिकास हुन सकिरहेको छैन । महिला खेलाडिको सङ्ख्या नै कम भएकाले पुरुष खेलाडिहरु सङ्ग टिम मिलायर खेल्नु पर्ने बाध्यता छ। कुनै दिन पुरूष खेलाडीहरु कम मात्रामा सहभागी भएको समयना महिला खेलाडीहरु मात्र खेलौ भन्दा फुटबलनै पुग्दैन ।

समन्धित निकायको बेवास्ताको कारण महिला खेलाडीहरू फुटबल खेल्न आउनै छोडिसकेछ । अर्को कारण जिल्लाले महिला फुटबल प्रतियोगिता नै सञ्चालन गर्दैन् । जिल्लामा नै महिला फुटबल प्रतियोगिता सञ्चालन नगर्दा महिला खेलाडीहरुले आफुमा भएको क्षमता प्रदर्शन गर्न सकेका छैनन ।

मेरो खेल कस्तो छ,के - के मा सुधार ल्याउनु पर्छ भन्ने कुरा को ज्ञान छैन । प्रतियोगितामा प्रतिस्पर्धामा खेलेको अनुभव छैन उदयपुरको सदरमुकाम गाइघाटको महिला फुटबल टिम सङ्ग । त्यसैले यहाको समस्याको समाधान महिला फुटबल खेलाडीहरूलाई निरन्तर रूपमा प्रशिक्षण र फुटबलको प्राबिधिक ज्ञान, सिप सिकाउने प्रशिक्षकको आबश्यकता छ ।

गाइघाट्को महिला फुटबलको माहोललाई समेटेर महिलाहरूको लागि खेल्न फुटबल खेलको खेल सामाग्री प्रयाप्त मात्रामा चाहिन्छ ।

खेलसामाग्री र मुख्य कुरा महिला खेलाडीहरुले आफु कस्तो खेल्छु , प्रतिपर्धा गर्दा अनुभव कस्तो हुन्छ र म फुटबल खेलेर जिल्ला र देशको नाम चम्काउन सक्छु भन्ने खेलाडिहरुको साहसलाई स्थानिय सरकारले सहयोग गर्नु पर्छ ।











**आमालाई कोसेली** । मातातीर्थ औंसी आमाको मुख हेर्ने दिन, आमालाई मिठो फलफुल किन्ने ग्राहकहरु गाईघाटको मकै चोकमा मंगलबार बिहान । *तस्बिरः बुद्धि चामलिङ ।*

## मंगलबार गाईघाट बजारमा तरकारी मूल्य

प्रति केजी)

| | |
|---|---|
| १, लटटे साग रु ४० | १३, फर्सि रु ३० |
| २, अदुवा रु १२० | १४, कटहर रु ६० |
| ३, टमाटर रु ३० | १५, काक्रा रु ३० |
| ४, बन्दा रु ४० | १६, धनियाँ रु १०० |
| ५, भेन्टा रु ४० | १७, लोकलबोडि रु ६० |
| ६, खुर्सानी रु १२० | १८, खर्बुजा रु ४० |
| ७, मुला रु ४० | १९, रायो साग रु ८० |
| ८, पर्बल रु ८० | २०, प्याज नयाँ रु ४० |
| ९, तितेकरेला रु ६० | २१, प्याज पुरानो रु ५० |
| १०, भिन्डी रु ६० | २२, आलु सेतो रु ३० |
| ११, च्याउ रु २०० | २३, आलु रातो रु ४० |
| १२, फुलकोबी रु १०० | |

*नोटः तोकिएको खुद्रा मूल्यमा केही थपघट हुन सक्नेछ ।*


स्थानीय उत्पादन उपयोग गरौं,

रौता साबुन नै प्रयोग गरौ !



हामी सबैको

रोजाइ रौता साबुन









# धनगढी फुटबल क्लब सुपर लिगको फाइनलमा प्रवेश



**सुनसान थरुहट रंगशाला।** त्रियुगा नगरपालिका उदयपुरमा रहेको थरुहट रंगशाला मंगलबार सुनसान अवस्थामा। *तस्बिर - बिधायक राई*

❖ बिबेक राई

*गाईघाट, वैशाख २८*

धनगढि एफसी नेपालमा पहिलोपटक नयाँ फर्माटमा खेलाइएको खुकुरी सुपर लिगको फाइनल प्रवेश गरेको छ। त्रिपुरेश्वरस्थीत दशरथ रंगशालामा काठमाडौँ रेजर्स एफसीलाई २ - १ ले हराउँदै धनगढि फाइनल प्रवेश गरेको हो। नेपालकै पहिलो फ्रेन्चाइज लिगको फाइनल पुग्ने पहिलो टोली बनेर धनगढि ईतिहास रच्नसमेत सफल भयो। उसो त धनगढि समुह चरण पार गरेर शीर्ष चारको यात्रा गर्ने पहिलो टोलीसमेत थियो।

अचम्मको कुरा त धनगढिले लिगको सुरुवात हारबाटगरेर हारबाट नै अन्त्य गरेको थियो।तर समुह चरणको बीचका खेलहरुमा यति राम्रो प्रदर्शन गऱ्यो कि एक खेलअगाडि नै शीर्ष चार पुग्नु सफल भएको थियो।

त्यसैले अन्तिम खेल हार्दापनि धनगढिले शीर्ष चारमा स्थान बनाउन सफल भयो। संयोगको कुरा समुह चरणमा पनि यी दुई टोलीको भेट हुँदा धनगढि नै बाजी मार्न सफल भएको थियो। त्यतिबेला ३ - ० को सहज जीत निकालेको धनगढि प्लेअफमा आएर एक गोलले पछि परेको अवस्था उल्टाउँदै मुस्किलले २ - १ को जीत निकाल्न सफल भयो।

समुह चरणमा काठमाडौँको प्रदर्शन भने धनगढिको तुलनामा राम्रो थियो। धनगढिको उल्टो काठमाडौँले जीतबाट लिगको सुरुवात गरेर जीतका साथ अन्त्य गरेको थियो। लिगको उद्घाटन खेलमा ललितपुरलाई १ -० ले हराएको काठमाडौँले लिगकै अन्तिम खेलमा चितवनलाई २ - १ ले हराएको थियो। समुह चरणको आफ्नो छ खेलमा चारमा जीत, एक बराबरी र एकमा मात्र हार व्योहोरेको थियो। त्यो एकमात्र हारपनि धनगढिसँग नै थियो। तरकाठमाडौँ समुह चरणमा सबैभन्दा बढि चार जीत हात पार्ने एक्लो टोली हो।

धनगढि शिर्ष चारको यात्रा गर्ने पहिलो टोली भएपनि शीर्ष चारमा पुग्दा १० अंकका साथ दोस्रो स्थानमा सीमित भएको थियो। यता काठमाडौँ भने १३ अंकका साथ पहिलो स्थान ओघट्दै शीर्ष चारमा आएको थियो। प्लेअफमा आएर काठमाडौँ समुह चरणमा व्योहोरेको हारको बदला लिन भने असफल रह्यो। तर काठमाडौँको यात्रा यतिमै सीमित छैन। उसँग अझ एक मौका बाँकी छ। बुधबार हुने ललितपुर र बुटवलबीचको इलिमिनेटर खेलको विजेतासँग फाइनल प्रवेशको लागि काठमाडौँले थप एक मौका पाउनेछ।

फ्रेन्चाइज सुपर लिगको नियमानुसार योएक एडभान्टेज काठमाडौँसँग अझै छ। यसैको सदुपयोग गर्दै फाइनल पुगरे धनगढिसँग बदला लिने मौका काठमाडौँको लागि अझै बाँकी नै छ।

धनगढिविरुद्ध एक गोलको अग्रता जोगाउनु सकेको भए काठमाडौँ मंगलबार नै फाइनल पुग्ने थियो। त्यसमाथि पाँच गोलसहित लिगको शीर्ष गोलकर्ताको सूचीमा रहेका फरवार्ड मेसुके ओलुमुधनगढिविरुद्ध चल्नुसकेनन्। अभागि देखिएको काठमाडौँले धनगढिका भरपर्दा चर्चित फरवार्ड ओलाडिपो ओलावाले अफिज घाईते भएर खेल्नु नसकेको फाइदा पनि उठाउन सकेन।

निर्धारित ९० मिनेटसम्म १ - १ को बराबरी भएपछि अतिरिक्त थप ३० मिनेटको हाफ टाइम अर्थात १०५ औँ मिनेटपछि अन्ततः खेल्नु नसक्ने नै भएपछि अफिज मैदान छाड्नु बाध्य भएका थिए। ह्यामिस्टूङका कारण घाइते भएपनि उनी क्लबको नतिजाको लागि मैदान उत्रिएका थिए। खेलका बीचमा बेलाबेला घाइते भएपनि टिकेर खेल्ने प्रयास गरेका थिए। प्रमुख सल्लाहकार विदेशी प्रशिक्षक तोपे फुजा र मुख्य प्रशिक्षक युगलकिशोर राईले पनि उनलाई सकेसम्म परिवर्तन गर्न खोजेका थिएनन्।

मंगलबार साँझ ५:३० बजेको खेलको पहिलो हाफ गोलरहित बराबरी भएपनि काठमाडौँ ७५ औँ मिनेटमा तेज तामाङको गोलमा अग्रता लिन सफल भएका थिए। बल अघि बढाएर मेसुकेले मैदानको बायाँ भागबाट गरेको क्रसमा डिबक्सको सेकोण्ड बारछेउमा रहेका तामाङले हेडगोल गरेका थिए। तर तीन मिनेटभित्रमा नै पुजन उपरकोटीको एक्रोबाटिक प्रहार मार्फत गोल गर्दै धनगढि खेलमा बराबरी गर्न सफल भयो। त्यसपछि थप गोल नहुँदा निर्धारित पहिलो ९० मिनेट १ - १ को बराबरीमा टुंगिएको थियो।

दुवै टोलीका गोलरक्षक नै कप्तान भएको खेलमा अन्ततः १०८ औँ मिनेटमा मार्की प्लेयर विशाल राई बीको गोलमा धनगढि २ - १ को बाजी मार्न सफल भयो। घाइते अफिजको स्थानमा मैदान उत्रेका रमेश दंगालको हेडपासमा राईले अफसाइड ट्र्यापलाई बिट गर्दै गोल गरेका थिए। गोलकर्ता उनी आफै एकछिन गोल अफसाइड दिने हो कि भन्दै गोल सेलिब्रेसन नगरि खुशि नमनाइ बसेका थिए। तर उनकै गोल मद्दतमा काठमाडौँलाई २१ लेपराजित गर्दै धनगढि फाइनल पुग्न सफल भयो।

धनगढिका सौजन राई निभिया इमर्जिङ प्लेयर हुँदै गिफ्ट ह्याम्पर र दश हजार र धनगढिका नै डिफेन्डर फ्रांकलिन कोटे हुवावे सुपर प्लेयर हुँदै टूफि र पच्चिस हजार हात पार्न सफल भए। धनगढिका कप्तानी नेपालका नम्बर वान भनिने गोलरक्षक किरण कुमार लिम्बू र काठमाडौँका कप्तानी नेपालका नम्बर टु भनिने गोलरक्षक विकेश कुथुले सम्हालेका थिए।




**पाण्डे श्री सप्लायर्स & ट्रेडर्स**

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको।

प्रोपाइटर:-**बिनोदकुमार पाण्डे**

सम्पर्क:- ९८५२८३०५८२

*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*


माझखर्क साप्ताहिकको सह प्रकाशन... मुलुकी दैनिक

प्रकाशक/संस्थापक संपादक: महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट